# सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड

को

छैठौं वार्षिक साधारण सभाको

निर्णय विवरण (माईन्युट)

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

| | | |
|---|---|---|
| मिति | : | **२०८० साल चैत्र २९ गते बिहिवार ।** |
| समय | : | बिहान ११:०० बजे |
| स्थान | : | अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाडौं । |

१. **बैधानिक सभा :**

मिति २०८० साल चैत्र १ गते बसेको सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको संचालक समितिको १३७ औं बैठकको निर्णय अनुसार बोलाईएको कम्पनीको छैठौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

२.१ मिति : २०८० साल चैत्र २९ गते बिहिबार (तद्नुसार ११ अप्रिल, २०२४)

२.२ स्थान : अमृतभोग, कालिकास्थान, काठमाडौं ।

२.३ समय : बिहान ११:०० बजे देखि ।

३. **सभाको सूचना :**

३.१ यस कम्पनीको मिति २०८० साल चैत्र १ गते बसेको सञ्चालक समितिको १३७ औं बैठकबाट मिति २०८० साल चैत्र २९ गते छैठौ वार्षिक साधारण सभा बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम मिति २०८० साल चैत्र २ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा २१ दिन अगाडी सूचना प्रकाशित गरी मिति २०८० साल चैत्र २२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा पूनः स्मरणार्थ दोश्रो सूचना प्रकाशित गरिएको थियो ।

३.२ उल्लेखित साधारण सभाको सूचनाको साथमा आ.व.२०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीको प्रधान कार्यालयबाट प्राप्त गर्न सकिने छ भन्ने सूचना प्रकाशित गरिएको थियो ।

३.३ कम्पनीले आफ्ना शेयरधनी महानुभावहरुलाई जानकारी तथा अध्ययनका लागी उपरोक्त बमोजिमको वार्षिक प्रतिवेदन कम्पनीको Website www.sgic.com.np मा Upload गरिएको थियो ।

४. **आसन ग्रहण :**

४.१ सभामा भाग लिन उपस्थित कम्पनीका अध्यक्ष श्री कुनाल कयाल, सञ्चालकहरु क्रमशः श्री दिलिप श्रेष्ठ, श्री मिता मुरारका अग्रवाल, डा. हेमन्त कुमार दवाडी, श्री प्रकाश मान श्रेष्ठ, श्री सरस्वति गौतम ज्ञवाली र स्वतन्त्र सञ्चालक डा. अनिल राज भट्टराईले आसन ग्रहण गर्नुभयो ।

आईसी इन्स्योरेन्स लि

४.२ कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री सुद्युम्न प्रसाद उपाध्यायले पनि आसन ग्रहण गर्नुभयो ।

४.३ सभामा सहभागी हुन पाल्नु भएका कम्पनीका पूर्व अध्यक्ष, संस्थापक शेयरधनीहरु तथा सर्वसाधारण शेयरधनी महानुभावहरुलाई यथास्थानमा आसन ग्रहण गर्नका लागि अनुरोध गरिएको थियो ।

## ५. सभाको सभापतित्व :

कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा कम्पनीको नियमावलीको नियम ६(१) बमोजिम कम्पनीका अध्यक्ष श्री कुनाल कयालज्यूले साधारण सभाको सभापतित्व गर्नुभई सभाको कार्यक्रम अगाडी बढाउन सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठलाई अनुमति प्रदान गर्नु भयो ।

## ६. गणपुरक संख्या :

कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम ५(१) बमोजिम साधारण सभा सञ्चालनका लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको उपस्थिति हुनुपर्नेमा आजको यस सभामा कुल शेयर संख्याको ५१.३० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी ५९३ जना स्वंय तथा १६० जना प्रोक्सी मार्फत उपस्थिति रहेको हुनाले सभामा गणपुरक संख्या पुगेको र सभाले वैधानिकता प्राप्त गरेको व्यहोरा सभामा जानकारी गराइयो ।

## ७. उपस्थिति :

### (क) सञ्चालकहरुको उपस्थिति :

| | |
|---|---|
| १. श्री कुनाल कयाल | अध्यक्ष |
| २. श्री दिलिप श्रेष्ठ | सञ्चालक |
| ३. श्री मिता मुरारका अग्रवाल | सञ्चालक |
| ४. डा. हेमन्त कुमार दवाडी | सञ्चालक (प्रतिनिधि एन.आर.एन.अफ्रिका भेन्चर्स लि.) |
| ५. श्री प्रकाश मान श्रेष्ठ | सञ्चालक |
| ६. श्री सरस्वती गौतम ज्ञवाली | सञ्चालक |
| ७. डा. अनिल राज भट्टराई | स्वतन्त्र सञ्चालक |

(ख) **शेयरधनीहरुको उपस्थिति :**

| | |
|---|---|
| स्वयं उपस्थिति | ५९३ |
| प्रतिनिधि मार्फत उपस्थिति | १६० |
| जम्मा उपस्थिति | ७५३ |

(ग) **शेयरधनी उपस्थिति संख्या :**

| कुल चूक्ता शेयर संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| २,००,००,००० | ६३,७२,८३२ | ३८,८९,१०१ | १,०२,६१,९३३ | ५१.३० |

८. **सभामा छलफल गरिने प्रस्तावहरुको सूची प्रस्तुत :**

सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठले पूर्व निर्धारित सूचना अनुसार सभामा छलफलका लागि पेश भएका देहायका प्रस्तावहरु वाचन गर्नुभयो ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. कम्पनीको छैठौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. सानिमा जिआईसी इन्स्योरेन्स लि. को लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७९/०८०को वासलात, मिति २०७९।०४।०१ गते देखि २०८०।०३।३१ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३. साविक जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि. को लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७९/०८० को वासलात, मिति २०७९।०४।०१ गते देखि २०७९।०७।०६ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक कानूनत पुनः नियुक्त हुन योग्य रहेको) ।

५. संञ्चालक समितिबाट नियुक्त स्वतन्त्र सञ्चालकको नियुक्ति अनुमोदन गर्ने ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय

**ख) विशेष प्रस्ताव तर्फ :**

१. कम्पनीको जारी तथा चुक्ता पूँजी वृद्धि गर्न प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

२. कम्पनीको चुक्ता पूँजी रु.२ अर्वको २५ प्रतिशत बराबरको रु. ५० करोडको हकप्रद शेयर जारी गर्ने ।

३. कम्पनी ऐनको दफा १०५ को उपदफा १(ग) बमोजिम आ.व. २०७९/०८० मा भएको खर्चको अनुमोदन गर्ने ।

४. संचालक समिति तथा उपसमितिको बैठक भत्ता तथा अन्य भत्ताको अनुमोदन गर्ने ।

५. उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतीको लागी पेश हुंदा नियमनकारी निकाय वा सम्बन्धित कार्यालयवाट कुनै विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

९. **वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सञ्चालक समितिका अध्यक्ष तथा सभाका अध्यक्ष श्री कुनाल कयालज्यूले सञ्चालक समितिको तर्फबाट आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन वाचन गरी सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१०. सभाका सभापतिज्यूले सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभए पश्चात कम्पनीको आ.व.२०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र अनुसूचीहरु तथा NFRS बमोजिमको प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भए छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले अनुरोध गर्नु भएकोमा निम्न शेयरधनी महानुभावहरु छलफलमा सक्रिय रुपमा सहभागी हुनु भई निम्न बमोजिम टिप्पणी, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नुभयो ।

**१०.१. शेयरधनी श्री गुणराज भट्ट :**

साबिक सानिमा जनरल इन्स्योरेन्स कंम्पनी तथा जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि.मर्ज भएर सानिमा जिआईसी इन्स्योरेन्स लि. भए पछि व्यवसाय बृद्धि गरेको तर शेयरधनीहरुलाई प्रतिफल प्रदान गर्न सकेको छैन । मुलुकको आर्थिक अवस्था त्यति राम्रो नभएको, बीमा क्षेत्रमा पनि निकै जटिलता रहकोले सो जटिलता

पार गर्न कम्पनीको संस्थागत सुशासन कायम गर्न प्रमुख कार्यकारी अधिकृतज्यूले राम्रो काम गर्नेलाई पुरस्कार तथा नराम्रो गर्नेलाई दण्डको व्यवस्था गरेर कम्पनीलाई अगाडी बढाउँदै लैजानु हुनेछ भन्ने विश्वास छ र आगामी वर्ष प्रतिफल पाउने आशा व्यक्त गरेकाछौं । चुक्ता पूंजीको २५ प्रतिशत हकप्रद शेयरको प्रस्तावलाई समर्थन गर्दै छिटो भन्दा छिटो सो प्रक्रिया अगाडी वढाउन अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराउँदछु। अन्त्यमा, नव वर्ष २०८१ को उपलक्ष्यमा अध्यक्ष, सञ्चालकहरु लगायत शेयरधनीहरुमा मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**१०.२ शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ :**

कम्पनी मर्जर पछि दोश्रो साधारण सभा हुन गइरहेकोछ । दुबै कम्पनीको कारोवार भएको ६ वर्ष भएको छ तर यस दौरान विविध कारणले होला शेयरधनीहरुलाई प्रतिफल दिन सकेको छैन । वार्षिक प्रतिवेदन हेर्दा बीमा शुल्क आम्दानी राम्रै छ । मर्जर पछि ब्यवस्थापन खर्च घटनु पर्नेमा बढेको देखिन्छ । दाबी कम परेको छ र खुद नाफा पनि राम्रो नै छ । बीमा ब्यवसाय बृद्धि गर्न जनचेतना बढाउनु पर्ने देखिन्छ । नियामक निकायको निर्देशन बमोजिम २५ प्रतिशत हकप्रद शेयरको प्रस्ताव गरेकोमा सोको समर्थन गर्दै जारी प्रक्रिया यथासक्य छिटो शुरुवात गर्न अनुरोघ गर्दछु ।

**१०.३ शेयरधनी श्री शत्रुधन श्रेष्ठ :**

कम्पनी मर्ज पछि सिनर्जी ल्याउला भन्ने आशा थियो,सो भएन । बीमा, हरेक क्षेत्रमा आउने आर्थिक संकटको कवच हो । त्यसैले बीमा गर्नु पर्छ, यसले अर्थतन्त्रमा रहेको जोखिम बाँडफाँट गरी जोखिमपूर्ण तर बढि प्रतिफल दिने क्षेत्रमा लगानी गर्न हौसला प्रदान गर्दछ । बीमाले देशको आर्थिक विकासका लागी आन्तरिक साधन र पूँजी परिचालन गर्ने र आर्थिक सुरक्षा प्रदान गर्ने भएकोले हामीले बीमालाई प्राथमिकता दिनुपर्छ । बीमाको नयाँ नयाँ क्षेत्र पहिचान गरी बीमा बजारको दायरा बढाउने, श्रोतको अधिकतम परिचालन गरी बीमालेखको संख्या बढाई कम्पनीलाई अझ बढी सवल र सक्षम बनाउदै लैजान ब्यवस्थापन सफल हुनेछ भन्ने अपेक्षा राखेकोछु ।

मुलुकको उद्योग धन्दा धरासाही भएको छ र बेरोजगार जनशक्ति पलायन भएको अवस्थामा कम्पनीले कृषि बीमालाई प्राथमिकता दिई कृषि उत्पादन बृद्धि गर्न सहयोग गर्नुपर्ने देखिन्छ । स्वस्थ्य प्रतिष्पर्धा गर्ने कम्पनीलाई बजारले बढि बिश्वास गर्ने भएकोले यस कम्पनीले त्यहि ठाँउमा उभिएर बीमितहरुको बिश्वास जगाई बीमा शुल्क वृद्धि गर्दै लैजाने छ भन्ने अपेक्षा राखेको छु । प्राकृतिक प्रकोप जहिले र जहांसुकै हुन सक्छ । अत: आफ्नो घर तथा सम्पत्तिको बीमा यस कम्पनीमा गर्न शेयरधनीहरुलाई सहुलियत प्रदान गर्न अनुरोध छ । अन्त्यमा नव वर्षको मंगलमय शुभ कामना गर्दछु ।

**१०.४ शेयरधनी श्री गोबिन्द बहादुर के.सी. :**

छोटो अवधि भए पनि रु.२ अर्व पूँजीमा संञ्चालन भएको यस कम्पनीले पूँजी बृद्धिका लागी २५ प्रतिशत हकप्रद शेयर जारीको प्रस्ताव गरेको छ। वीत्तिय विवरण हेर्दा तोकिएको पूँजी पुऱ्याउन अझै ३/४ वर्ष लाग्ने देखिन्छ। त्यसैले कम्पनीले हकप्रद शेयर दिन खोजेको देखिन्छ। यसका लागी लगानीकर्ता तथा मेरो तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु। वीत्तिय विवरण हेर्दा बिगत वर्ष भन्दा राम्रो प्रगति गरेको देखिन्छ। यसलाई अझ राम्रो गर्न सबैले सहयोग गर्नु हुनेछ भन्ने आशाका साथ कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

**१०.५ शेयरधनी श्री रमेश सिलवाल :**

कम्पनी मर्जर पछिको वीत्तिय विवरण अध्ययन गर्दा तुलनात्मक रुपमा Positive Indication देखेको छु। नियामक निकायको निर्देशन अनुसार चुक्ता पूँजी रु.२ अर्व ५० करोड पुऱ्याउनु पर्ने भएकोछ। अध्यक्षज्यूले प्रतिवेदनमा चुक्ता पूँजी वृद्धिका लागी बोनस शेयर दिएमा आगामी २ वर्ष लाग्ने तर नियामक निकाय निर्देशन अनुसार समय नपुग्ने भएकोले हकप्रद शेयर जारीको प्रस्ताव राखेको उल्लेख गर्नुभएको छ। चूक्ता पूँजी पुऱ्याउनका लागी मात्र कम्पनी मर्जर गरेको नभई बीमा ब्यवसायको अनुपात तथा क्षेत्र बढाउन, यसको गरिमा र सम्मान बढाउनका निम्ति समेत भएको मैले ठानेको छु। प्रस्तुत प्रतिवेदनमा कम्पनी मर्ज पछिको योजना तथा आगामी ५ वर्षमा हामिले यस कम्पनीलाई कहां पुऱ्याउंछौं सोको उल्लेख भएको भए राम्रो हुने थियो। Result Oriented बनाउन के कस्तो नीति अपनाउन पर्छ ? यस तर्फ कम्पनीको ध्यानाकर्षण गराउन चाहन्छु।

**१०.६ शेयरधनी श्री इन्द्र कृष्ण श्रेष्ठ**

खर्चमा मितब्ययिता अपनाउन तथा लगानीकर्ता शेयरधनीहरुलाई प्रतिफल वितरण गर्न अनुरोध गर्दछु।

**१०.७ शेयरधनी श्री सुदिप श्रेष्ठ :**

कम्पनीले प्रचलित ऐन, कानून अनुसार वीत्तिय विवरण तयार गरेकोमा सन्तोष ब्यक्त गर्दछु। कम्पनीले स्थापना कालदेखि समिक्षा वर्षसम्म नाफामा वृद्धि गरेको देखिन्छ। लगानीकर्ताले प्रतिफलको आशा गर्नु स्वभाविक भएकोले आगामी वर्ष प्रतिफल पाउने आशा गरेकोछु।

सिद्धार्थ/जि आईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय

**१०.८ शेयरधनी श्री ब्रम्हदेव शाक्य :**

मुलुकको अर्थतन्त्र सिथिल भएको अवस्थामा पनि कम्पनीले व्यवसाय सन्तोषजनक गर्न सकेको सर्न्दभमा अध्यक्षज्यूको प्रतिवेदन सन्तोषजनक रहेको छ । नियामक निकाय नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम चूक्ता पूँजी वृद्धि गर्न हकप्रद शेयर जारीको प्रस्ताव पेश भएकोमा मेरो पूर्ण समर्थन रहेको छ । अन्त्यमा, सञ्चालक समिति, व्यवस्थापन तथा सम्पूर्ण शेयरधनीहरुमा नव वर्ष २०८१ को हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

**१०.९ शेयरधनी श्री लक्ष्मी प्रकास सैंजू :**

कम्पनी व्यवस्थापन तथा शेयरधनीहरु बिच वर्षको एक पटक भेटघाट तथा सर्वसाधारण शेयरधनीहरुको सम्मान गर्ने व्यवस्था गर्नु पर्यो । व्यवस्थापन खर्चमा मितब्ययित अपनाई कम्पनीलाई चुस्त दुरुस्त बनाउन अनुरोध छ ।

**१०.१० शेयरधनी श्री राम गोपाल मर्हजन :**

कम्पनीले स्थापनाको छोटो अवधिमा कारोवारबाट मुनाफा वृद्धि गर्न सक्षम भएको तथा हकप्रद शेयरको प्रस्ताव राख्नु भएकोमा सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी वर्ष पनि राम्रो होस भनि शुभकामना दिन चाहन्छु । पूँजी वृद्धि पछि आगामी वर्ष शेयरधनीहरुलाई प्रतिफल दिन सक्ने होस भनि सञ्चालक समितिको ध्यानाकर्षण गराउन चाहन्छु । बीमा व्यवसायको मेरुदण्ड नै पूनर्बीमा भएकोले कम्पनीले विश्व विख्यात कम्पनीसंग पूनर्बीमा व्यवस्था गरेकोमा धन्यवाद छ । ब्यवसाय बृद्धिका क्रममा शाखा बिस्तार गर्दा खोलिएका शाखाहरुको नियमित अनुगमन गर्दा राम्रो हुने भएकोले त्यस तर्फ ध्यानाकर्षण गराउंछु । कम्पनीको EPS क्रमशः वृद्धि भएको, खर्च बढे पनि मुनाफा वृद्धि भएकोमा खुसी लागेको छ । कर्मचारीहरुलाई समय सापेक्ष तालिम तथा सुबिधा दिएमा कम्पनीको उत्पादकत्वमा वृद्धि भई हालको भन्दा बढी राम्रो देखिन्छ ।

**१०.११ शेयरधनी श्री कृष्ण प्रसाद अधिकारी :**

वार्षिक प्रतिवेदन नेपाली भाषामा भएको भए बुझ्न सजिलो हुने भएकोले आगामी प्रतिवेदन नेपाली भाषामा छाप्न अनुरोध गर्दछु । कम्पनीको ब्यवसाय तथा मुनाफामा क्रमश: सुधार भएको छ, यो राम्रो पक्ष हो । शेयरधनीहरुले प्रतिफलको आशा गरेको तर्फ ध्यानाकर्षण गराउंदछु ।

सनिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय

**१०.१२ शेयरधनी श्री उद्धव प्रसाद घिमिरे :**

कम्पनीले छोटो अवधिमै बीमा शुल्क राम्रो संकलन गरेको तर अन्य कम्पनीहरुको दाँजोमा पुग्न सकेको छैन । व्यवसाय वृद्धिका लागी नयाँ बीमा Product ल्याउने तर्फ ध्यानाकर्षण गराउँदछु । नियामक निकायको निर्देशन बमोजिम २५ प्रतिशत हकप्रद शेयर जारी गर्ने प्रस्ताव स्वागत योग्य र यथाशिघ्र जारी गर्ने तर्फ पहल गर्न अनुरोध गर्दछु । आगामी सातौं वार्षिक साधारण सभा समयमै हुने तथा शेयरधनीहरुले प्रतिफल पाउने आशा गर्दछु ।

**१०.१३ शेयरधनी श्री ध्रुब प्रकाश न्यौपाने :**

कम्पनीको EPS बढ्दो क्रममा छ । पूँजी वृद्धिका लागी हकप्रद शेयर भन्दा बोनस शेयर दिएको भए राम्रो हुने थियो । आगामी वर्ष लाभाँश पाउने आशा गर्दछु ।

**१०.१४ शेयरधनी श्री राम श्रेष्ठ :**

चुक्ता पूँजी वृद्धिका लागी हकप्रद शेयर प्रस्ताव गर्नु भएकोमा धन्यवाद छ ।

**१०.१५ शेयरधनी श्री उत्सव श्रेष्ठ :**

यस वर्ष तथा आगामी वर्ष बोनस शेयर वितरण गरी पूँजी वृद्धि गरेको भए राम्रो हुने थियो ।

**१०.१६ शेयरधनी श्री डमरु बल्लभ घिमिरे :**

साधारण सभा समयमै हुन नसकको तर्फ ध्याकर्षण गराउंदै आगामी वार्षिक साधारण सभा समयमै होस र शेयरधनीहरुलाई लाभाँश प्राप्त होस ।

**१०.१७ शेयरधनी श्री लव राज जोशी :**

कम्पनी मर्जर पछिको सिनर्जी देखिएन । तोकिएको समय भित्रै वार्षिक साधारण सभा गर्नुहुन ध्यानाकर्षण गराउंदछु । यथासक्य छिटो हकप्रद शेयर जारी प्रक्रिया अगाडी वढाउन अनुरोध छ ।

**१०.१८ शेयरधनी श्री उत्तम पाठक :**

लगानीकर्ता शेयरधनीहरु प्रतिफल प्राप्त नभएकोले निराश हुनु स्वभाविक हो । आगामी साधारण सभा समयमै सम्पन्न हुने आशा गर्दछु ।

जीआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय

११. सभाका सभापति तथा कम्पनीका अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट प्राप्त प्रतिक्रिया महत्वपूर्ण राय सुझाव तथा जिज्ञासाका लागी धन्यवाद दिनु भयो ।

उहाँले, शेयरधनी महानुभावहरुको सुझावलाई मार्गदर्शनको रुपमा लिई आगामी दिनहरुमा सुधार गरिने जानकारी गराउनु भयो । यसै वर्ष लाभाँश वितरण गर्न नसकेको विषयमा मुनाफा रु.२७ करोड भएको, कुल आम्दानी रुं १ अर्व २२ करोड भएको, EPS रु. १३.६८ भएता पनि नेपाल वीत्तिय प्रतिवेदन मान (NFRS) बमोजिम केही हिसावहरुको शत प्रतिशत Provision गर्नु परेकोले यस वर्ष शेयरधनी महानुभावहरुलाई प्रतिफल वितरण गर्न नसकिएको जानकारी गराउनु भयो । कम्पनीको मुनाफा रु.२७ करोड, प्रति शेयर नेटवर्थ रु.१३२ भएको समेत उल्लेख गर्नु हुंदै आगामी वर्ष शेयरधनी महानुभावहरुलाई प्रतिफल दिने जानकारी गराउनु भयो ।

हकप्रद शेयरका सम्बन्धमा, यही २०८० साल चैत्र मसान्त सम्ममा तोकिए बमोजिम चुक्ता पूँजी पुऱ्याउनु पर्ने भएकोले नियामक निकाय, नेपाल बीमा प्राधिकरणको निर्देशन तथा स्वीकृतीमा हकप्रद शेयरको प्रस्ताव ल्याउनु परेको हो । कम्पनीले आगामी २/३ वर्षका मुनाफाबाट बोनस शेयर जारी गर्ने योजना गरेकोमा समय सिमाका कारण हकप्रद शेयर नै जारी गर्नु परेकोले यस कार्यमा यहाँहरुले समर्थन गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्नु भयो । हकप्रद शेयर २५ प्रतिशत नै किन भन्नेमा बीमा ऐन,२०७९ बमोजिम पूँजी पुऱ्याउनु पर्ने आवश्यकताको कारण मात्रै हो । यहाँहरुको सझाव बमोजिम बीमा ब्यवसायको दायरा बढाउने, कृषि बीमा बढाउने बारेमा हामीले छलफल, बिचार, विमर्श गरिरहेकाछौं । कर्मचारी तालिमको हकमा यहाँहरुको सुझावलाई मनन गरी अगाडी बढनेछौं ।

पूनर्बीमा प्रिमियम बढी भएको भन्ने बारेमा हाम्रो कम्पनी भरखर ६ वर्ष भएको छ र जगेडा कोष (Reserve) धेरै नभएको कारण ठूला ठूला जोखिमहरु एकै पल्ट बहन गर्न नसकिने भएकोले पूनर्बीमा प्रिमियम वढी खर्च भएको हो । भविष्यमा कम्पनीको जगेडा वृद्धिसंगै खुद जोखिम धारण क्षमता वृद्धि हुंदै जाने भएकोले पूनर्बीमा प्रिमियम खर्च कम हुंदै जाने जानकारी गराउनु भयो ।

संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगतको खर्च नियामक निकायको नियमानुसार नै गर्नु पर्ने भएकोले सो खर्च गरिएको हो । सञ्चालक समितिको खर्च कम नै रहेको छ । बैठक भत्ता तथा अन्य भत्ताका सर्न्दभमा बैठक भत्ता साधारणबाट पारित बमोजिम नै छ । तर साविक जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि. र साविक सानिमा जनरल इन्स्योरेन्स लि.को भत्ता फरक फरक भएकोले यस साधारण सभा सम्मका लागी उक्त खर्च अनुमोदन गर्नु परेकोले प्रस्ताव ल्याइएको हो । कुनै सुबिधा वृद्धि गरिएको होइन । वार्षिक प्रतिवेदनमा आर्थिक सुचकांकका चार्टहरु, कर्मचारीहरुको फोटो तथा अन्य विवरणहरु सूझाव बमोजिम राख्नेछौं ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय

साधारण सभा ६० दिन भित्र नभएको भन्ने सन्दर्भमा यस समिक्षा वर्षको साविक जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि.को मिति २०७९ साल कार्तिक ६ गते सम्मको वीत्तिय विवरणको स्वीकृति २०८० साल माघ ०५ गते प्राप्त भएको र सानिमा जिआईसी इन्स्योरेन्स लि.को मिति २०८० साल फाल्गुण ११ गते प्राप्त भएकोले सोही बमोजिम पछिल्लो स्वीकृत मितिको ६० दिन भित्रै साधारण सभा बोलाइएको हो ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृतज्यूले शेयरधनी महानुभावहरुको अन्य जिज्ञासाहरुको प्रतिउत्तर दिनुहुदैं यहाँहरुबाट प्राप्त राम्रा राम्रा सुझावहरु मनन् तथा कार्यान्वयन गर्ने जानकारी गराउनु भयो । सानिमा जिआईसी इन्स्योरेन्स लि.नेपालका जनरल इन्स्योरेन्स मध्ये २ वटा नयाँ कम्पनीहरु मर्ज भएर बनेकोले त्यसको Pattern र पुरानो कम्पनीहरुको Pattern फरक छ । त्यसैले Outstanding Provision, LAT Report अनुसार Retain Earning को Provision वासलातमा गर्नु पर्ने अवस्थाले फरक परेको हो । अन्य कम्पनीहरुको दाँजोमा यस कम्पनीको Underwriting Profit सवभन्दा बढी छ । कम्पनीहरुको आम्दानी हेर्नु पर्दा Underwriting Income र Investment Income हेर्नु पर्ने हुन्छ र Underwriting Profit बढी गर्न सक्षम कम्पनीको Performance राम्रो हुन्छ ।

आ.व.२०८०/०८१ मा कम्पनीले लाभाँश दिने छ, तर अहिले नै यति नै लाभाँश दिने सक्ने भन्न सकिदैन । किनभने नेपाल बीमा प्राधिकरणले NFRS 17 लागु गरिसकेपछि Balance Sheet को Pattern मा बितरण योग्य लाभाँश एकिन भएपछि मात्र लाभाँशको प्रतिशत भन्न सक्ने अवस्थामा हुनेछ । तर पनि हामी केही न केही लाभाँश दिने प्रतिवद्धता ब्यक्त गर्दछौं । साथै यस बाहेक अन्य जिज्ञासा भएमा कुनै पनि बेला कम्पनी व्यवस्थापनमा सर्म्पक राखी जानकारी हासिल गर्न सकिने छ ।

## १२. सभाबाट भएका निर्णयहरु :

प्रस्तुत वार्षिक प्रतिवेदन उपर शेयरधनीहरुबाट प्राप्त सुझाव तथा जिज्ञासाहरुको प्रतिउत्तर भई सकेको हुँदा सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठले सभाका सभापतिज्यूको अनुमति लिई छलफलका बिषयहरु पारित गर्नका लागि सभा समक्ष पेश गर्नु भएकोमा देहाय बमोजिम प्रस्तावहरु पारित गरियो ।

### क) सामान्य प्रस्तावहरु तथा सो मा भएको निर्णय :

१. कम्पनीको छैठौ वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय

प्रस्ताव नं.(१) को सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन निर्णयार्थ प्रस्तुत भएकोमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरीयो ।

२. सानिमा जिआईसी इन्स्योरेन्स लि. को लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७९/०८० आषाढ मसान्तको वासलात, मिति २०७९।०४।०१ गते देखि २०८०।०३।३१ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

प्रस्ताव नं.(२) को सम्बन्धमा सानिमा जिआईसी इन्स्योरेन्स लि. को लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७९/०८० आषाढ मसान्तको वासलात, मिति २०७९।०४।०१ गते देखि २०८०।०३।३१ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु छलफल गरि पारित गर्नको लागि निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदनहरु सर्वसम्मतिबाट पारित गरियो

३. साविक जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि. को लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७९/०८० को वासलात, मिति २०७९।०४।०१ गते देखि २०७९।०७।०६ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

प्रस्ताव नं. (३) को सम्बन्धमा साविक जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि. को लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७९/०८० को वासलात, मिति २०७९।०४।०१ गते देखि २०७९।०७।०६ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु छलफल गर्नको लागि निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदनहरु सर्वसम्मतिबाट पारित गरियो ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक कानूनत पुनः नियुक्त हुन योग्य रहेको) ।

प्रस्ताव नं. (४) को सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिमको लागी बाह्य लेखापरिक्षण गर्नका लागि संचालक समितिको सिफारिशमा श्री एन. अमात्य एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्सलाई यस कम्पनीको चालु आर्थिक वर्ष २०८०/०८१ को वाह्य लेखापरीक्षण, कर

लेखापरीक्षण, विस्तृत लेखापरीक्षण प्रतिवेदन (LFAR), नेपाल वित्तीय प्रतिवेदन मान ( NFRS) बमोजिमको वित्तीय विवरण परीक्षण तथा कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण प्रमाणिकरण गर्नका लागी वाह्य लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्त गर्ने र पारिश्रमिक वापत मुल्य अभिवृद्धि कर बाहेक रु.३,००,०००/- (रु. तिन लाख मात्र) प्रदान गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो ।

**५.** संचालक समितिबाट नियुक्त स्वतन्त्र संचालकको नियुक्ति अनुमोदन गर्ने ।

प्रस्ताव नं. (५) को सम्बन्धमा यस कम्पनीको मिति २०८०।०४।२८ गते बसेको सञ्चालक समितिको १२७ औ बैठकले कम्पनीमा रिक्त रहेको स्वतन्त्र/बिज्ञ सञ्चालकमा डा. अनिल राज भट्टराईलाई नियुक्त गरेकोमा सोको अनुमोदन गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो ।

**ख) विशेष प्रस्ताव तर्फ :**

१.कम्पनीको जारी पूँजी तथा चूक्ता पूँजी बृद्धि गर्न प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने ।

प्रस्ताव नं. (ख) १ को सम्बन्धमा कम्पनीको जारी पूँजी तथा चूक्ता पूँजी बृद्धि गर्न प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न कम्पनीको प्रबन्धपत्रको दफा ५(ख) र (ग) संशोधन सहितको यसै साथ संलग्न तिन महले सर्वसम्मतिबाट पारित गरियो ।

२. कम्पनीको चुक्ता पूँजी रु. २ अर्वको २५ प्रतिशत बराबर रु. ५० करोडको हकप्रद शेयर जारी गर्ने ।

प्रस्ताव नं. (ख) २ को सम्बन्धमा नेपाल बीमा प्राधिकरणले तोकेको न्युनतम चुक्ता पूजी रु २ अर्व ५० करोड पुर्याउन हाल यस कम्पनीको चुक्ता पूजी रु. २ अर्वको २५ प्रतिशत बराबर रु. ५० करोडको हकप्रद शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

३. कम्पनी ऐनको दफा १०५ को उपदफा १(ग) बमोजिम आ.व. २०७९/०८० मा भएको खर्चको अनुमोदन गर्ने ।

सगरमाथा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय

प्रस्ताव नं. (ख) ३ को सम्बन्धमा कम्पनी ऐनको दफा १०५ को उपदफा १(ग) बमोजिम आ.व. २०७९/०८० मा यस कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको खर्च रकम रु. १६,१६,०००।- अनुमोदन गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो ।

४. संचालक समिति तथा उपसमितिको बैठक भत्ता तथा अन्य भत्ताको अनुमोदन गर्ने ।

प्रस्ताव नं. (ख) ४ को सम्बन्धमा साविक सानिमा जनरल इन्स्योरेन्स लि. र जनरल इनस्योरेन्स कम्पनी नेपाल लि. को गाभ्ने, गाभिने क्रममा संचालक समिति तथा उपसमितिको बैठक भत्ता तथा अन्य भत्ता बापतको रकम रु.४,८०,०००।- अनुमोदन गर्ने तथा सञ्चालक समिति तथा उपसमितिको बैठक भत्ता तथा अन्य सुविधा साविक सानिमा जनरल इन्स्योरेन्स लि. को कायम गर्ने र काठमाडौं उपत्यका बाहिर हुनुहुने संञ्चालकहरु संञ्चालक समितिको बैठकमा सहभागी हुन आउँदा/जाँदा तथा काठमाडौं उपत्यका बाहिर हुने संञ्चालक समितिको बैठकमा सहभागी हुन आउँदा/जाँदाको यातायात खर्च तथा होटल बिल बमोजिमको खर्च कम्पनीले भुक्तानी गर्ने सम्बन्धमा सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो ।

५. उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतीको लागी पेश हुँदा नियमनकारी निकाय वा सम्बन्धित कार्यालयबाट कुनै विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो बमोजिम संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

प्रस्ताव नं. (ख) ५ को सम्बन्धमा उपरोक्त (क) र (ख) बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतीको लागी पेश हुँदा नियमनकारी निकाय वा सम्बन्धित कार्यालयबाट कुनै विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो बमोजिम संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो ।

ग) **<u>विविध प्रस्ताव तथा सोमा भएको निर्णय :</u>**

विविध बिषयमा कुनै प्रस्तावहरु नआएको हुनाले कुनै निर्णय गरिएन ।

सानिमा जिआईसी इन्स्योरेन्स लि. ... कार्यालय

**१३. धन्यबाद ज्ञापन :**

कम्पनीको छैठौं वार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तब्य, जिज्ञासा, टिप्पणी तथा सुझावहरु कम्पनीको हितको लागि अतिनै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको काम कारवाहीमा अभिरुची राखी सञ्चालक समिति तथा ब्यवस्थापनलाई मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार ब्यक्त गर्दै सफलतापूर्वक सभा संचालनमा सहयोग पुर्‍याउनुहुने कम्पनी ब्यवस्थापन एवं सम्पूर्ण कर्मचारीहरु प्रति सभाका सभापतिज्यूले धन्यवाद ज्ञापन गर्नुभयो ।

**१४. सभा बिसर्जन :**

अन्त्यमा, सभाका सभापति, अध्यक्ष श्री कुनाल कयालज्यूले छलफल गर्नुपर्ने कुनै बिषय बाँकी नरहेको हुनाले कम्पनीको छैठौं वार्षिक साधारण सभा अपरान्ह २:३० बजे बिसर्जन गर्नुभयो ।

श्री सुबोध लाल श्रेष्ठ
(कम्पनी सचिव /नायव महाप्रवन्धक)

सगरमाथा लुम्बिनी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

श्री कुनाल कयाल
(अध्यक्ष)

मिति : २०८० साल चैत २९ गते बिहिवार ।

## सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको छैठौ वार्षिक साधारण सभाबाट
## प्रबन्धपत्रमा संशोधन

| दफा | साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ५ | **कम्पनीको पूँजीको संरचना :** (ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रु २,००,००,००,०००।- (अक्षरेपी : दुई अर्ब) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १०० का दरका २,००,००,००० (दुई करोड) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | **कम्पनीको पूँजीको संरचना :** (ख) कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु २,५०,००,००,०००।- (अक्षरेपी : दुई अर्व पचाँस करोड) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१०० का दरले २,५०,००,००० (दुई करोड पचाँस लाख) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | नियामक निकाय श्री नेपाल बीमा प्राधिकरणको चुक्ता पूँजी बृद्धी गर्ने निर्देशन बमोजिम हकप्रद शेयर जारी गर्नुपर्ने भएकोले । |
| | **कम्पनीको पूँजीको संरचना :** (ग) कम्पनीको तत्काल चुक्ता पूँजी रु. २,००,००,००,००० (दुई अर्ब) हुनेछ र सो पूँजीलाई प्रति शेयर रु.१०० का दरले २,००,००,००० (दुई करोड) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | **कम्पनीको पूँजीको संरचना :** (ग) कम्पनीको तत्काल चुक्ता पूँजी रु. २,५०,००,००,००० (दुई अर्ब पचाँस करोड) हुनेछ र सो पूँजीलाई प्रति शेयर रु.१०० का दरले २,५०,००,००० (दुई करोड पचाँस लाख) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | नियामक निकाय श्री नेपाल बीमा प्राधिकरणको चुक्ता पूँजी बृद्धी गर्ने निर्देशन बमोजिम हकप्रद शेयर जारी गर्नुपर्ने भएकोले । |

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं